नेपाल सरकार
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
E-mail: motca@ntc.net.np
फ्याक्स. नं.: ४२११७५८
४२११८४६
४२११६८५
४२११७८५
४२११५९६
सिंहदरबार, काठमाडौं, नेपाल ।

पत्र संख्याः-
च.नं.

# प्रेस विज्ञप्ति

आज मिति २०७८/०४/१९ गतेका दिन यस मन्त्रालयका सचिव श्री यादव प्रसाद कोइरालाज्यूले नेपाल पर्यटन तथ्याङ्क, २०२० (NEPAL TOURISM STATISTICS, 2020 ) सार्वजनिक गर्नुभयो । उक्त नेपाल पर्यटन तथ्याङ्क सन् २०२० मा हवाईमार्ग र स्थलमार्गबाट नेपालमा आगमन भएका पर्यटकहरुको संख्या, पर्यटकहरुको औषत बसाई, नेपालमा भ्रमण गर्नुको उद्देश्य, पदयात्रा र पर्वतारोहण, धार्मिक/तीर्थयात्रा सम्बन्धी तथ्याङ्क लगायत पर्यटन क्षेत्रबाट आर्जन भएको विदेशी मुद्रा, पर्यटन उद्योगहरु, पर्यटन क्षेत्रमा भएको दक्ष जनशक्ति उत्पादन जस्ता मुख्य विषयहरु समावेश गरी प्रकाशन गरिएको छ ।

सन् २०२० को पर्यटन तथ्याङ्कमा भएका प्रमुख तथ्य / तथ्याङ्कहरु निम्नानुसार रहेका छनः

१. कोभिड-१९ महामारीको कारण सन् २०२० मा पर्यटक आगमनमा अघिल्लो वर्षको तुलनामा करिब ८० प्रतिशतले कमी आएको । सन् २०२० को पर्यटक आगमन संख्या २,३०,०८५ मात्र रहेको छ।
२. पर्यटकको औषत बसाई भने विगत वर्षभन्दा केही बढेर १५.१ दिन पुगेको छ भने प्रतिपर्यटक प्रतिदिन खर्च विगत वर्षको तुलनामा वृद्धिभई ६५ अमेरिकी डलर पुगेको छ ।
३. पर्यटन क्षेत्रबाट आर्जन हुने विदेशी मुद्रामा करिब ७१ प्रतिशतले कमी आई करिब रु.२५ अर्व आर्जन भएको छ।
४. विगत वर्षहरुमा जस्तै सन् २०२० मा पनि पर्यटक आगमनको उद्देश्यगत आधारमा हेर्दा अधिकतम पर्यटकहरु विदा मनाउन र मनोरञ्जन, धार्मिक तीर्थयात्रा, पदयात्रा र पर्वतारोहणको लागि आएका छन् ।
५. पर्वतारोहणतर्फ पनि सन् २०२० को उपलब्धि न्यून रहेको छ । यसवर्ष केवल १५३ टिमका ४४७ जनाले पर्वतारोहणका लागि अनुमति लिएका छन् जुन गत सालको तुलनामा ९२ प्रतिशतले कम हो ।
६. नेपालमा सन् २०२० सम्ममा पर्यटकस्तरका कूल १,३१३ होटल रहेका छन् भने प्रतिदिन ४५,८५० वेड उपलब्ध छन् ।
७. सन् २०२० सम्ममा द्विपक्षीय हवाई सेवा सम्झौता भएका देशको संख्या ४० पुगेको छ । अन्तर्राष्ट्रिय उडान भर्ने नेपाली वायुसेवा कम्पनीको संख्या ३ वटा रहको छ भने नेपालमा उडान भर्ने अन्तराष्ट्रिय वायुसेवा कम्पनीको संख्या २७ वटा पुगेको छ । अन्तर्राष्ट्रिय विमानस्थलको संख्या १ मात्र रहेको छ ।
८. सन् २०२० सम्ममा आन्तरिक उडान तर्फ हालसम्म देशभर ५४ विमानस्थल रहेका छन् । ३७ वटा विमानस्थल कालोपत्रे गरिएको छ भने सबै मौसममा नियमित उडान हुनसक्ने विमानस्थलको संख्या ३५ रहेको छ । आन्तरिक उडान गर्ने वायुसेवा (Roter & Fixed Wings) को संख्या २० पुगेको छ । साहसिक र मनोरञ्जनात्मक उडान गर्ने कम्पनीहरुको संख्या ८० रहेको छ ।

सन् २०२० को पर्यटन तथ्याङ्क यस मन्त्रालयको Website: www.tourism.gov.np मा उपलब्ध छ । पर्यटन क्षेत्रसँग सम्बन्ध राख्ने सरोकारवाला, पर्यटन व्यवसायीहरु, अध्ययन अनुसन्धानकर्ता, पत्रकार सबैलाई उक्त Website को माध्यम मार्फत पर्यटन तथ्याङ्क उपयोग गर्नुहुन संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय हार्दिक अनुरोध गर्दछ ।

मिति २०७८/०४/१९

तारानाथ अधिकारी
सहसचिव एवं प्रवक्ता